{ 'पार्टी एकताबद्ध हुनुपर्छ। हरेक सदस्यले कुनै न कुनै जिम्मेवारी पाउनुपर्छ', खनालले भन्नुभयो- 'कम्युनिस्टलाई सामूहिक पार्टी भन्ने अनि एक्लै र गुटका आधारमा अघि बढ्ने हुनुहुँदैन।' उहाँले पार्टीलाई परिस्कृत र परिमार्जन गरेर अघि बढ्नका लागि आन्तरिक विधान बनाउने काम भइरहेको बताउनुभयो।

# नेकपाद्वारा चलाइएको अस्पताललाई भारी छुट

कृष्णउदास खनाल, वीरगन्ज

वीरगन्जमा रहेको नेसनल मेडिकल कलेज तथा शिक्षण अस्पतालले करमा भारी छुट पाएको छ।

एकैपटक ठूलो रकम छुट दिएर वीरगन्ज महानगरपालिकाले उक्त कलेजलाई उन्मुक्ति दिएको भन्दै विरोध भएको छ। २०६० सालदेखि वीरगन्ज महानगरपालिका-१५ भेडियाहीमा सञ्चालित कलेजले विभिन्न बहानामा घरजग्गा कर, व्यवसाय कर तिर्न अटेर गर्दै आएको थियो। तत्कालीन वीरगन्ज नगरपालिकाले २०६७, २०६८, २०७० सालमा र त्यसपछि पनि पत्र पठाएर कर तिर्न आग्रह गर्दासमेत नेसनल मेडिकल कलेजले अटेर गरेको थियो।

आर्थिक वर्ष २०७३ र ७४ सम्म कलेजले पहिलेको घरजग्गा कर तथा ४ वर्षदेखि लागू गरिएको एकीकृत सम्पत्ति करबापत महानगरलाई १० करोड ३८ लाख ११ हजार तिर्नुपर्ने थियो।

तर वीरगन्ज महानगरपालिकाले विवाद सल्टाउने नाममा एमाले (हाल नेपाल कम्युनिस्ट पार्टी) नेतासमेत रहेका बसुरुद्दिन अन्सारीको कलेजलाई घरजग्गा तथा एकीकृत सम्पत्ति करमा एकैपटक ६ करोड छुट दिएको छ। महानगरको दोस्रो नगरसभाले ४ करोड ९४ लाख ७८ हजार २ सय ६९ रूपियाँ ४२ पैसा बुझाउनुपर्ने निर्णय गरेको हो। कलेजले पनि असार १५ गते रकम बुझाएको छ।

कलेजले असार १५ गते ३ करोड ५९ लाख १४ हजार ३ सय ५७ रूपियाँ ५ पैसा जम्मा गरेको थियो। यसअघि कलेजले करबापत २०७१ माघ ३ गते १ करोड २९ लाख ३२ हजार र २०७२ साउन ७ गते ६ लाख ३१ हजार रकम बुझाइसकेको थियो।

यद्यपि वीरगन्ज महानगरपालिकाका मेयर विजय सरावगीले भने विगतमा स्याटलाइटबाट तस्वीर खिचेर, अनुमानको आधारमा कर निर्धारण गरिएको, सडकमा जोडिएको र पछाडिको जग्गाको करको दर पनि एकै बनाइएकाले करमा छुट भएको बताए।

## सभामुख र कांग्रेसको यस्तो जुहारी

काठमाडौं, (नेस)

नेपाली कांग्रेसको कारण शुक्रबारको संसद्को बैठक चल्न सकेन। पहिलोपटक आधा घन्टाको लागि स्थगित बैठकपछि पनि कांग्रेस सांसद्ले पुरानै माग राखेपछि संसद् सोमबार १ बजेसम्मका लागि स्थगित भएको छ।

बैठकको शुरूमा नै कांग्रेसले सदन अवरोध गरेपछि सभामुख कृष्णबहादुर महराले कांग्रेस प्रमुख सचेतक बालकृष्ण खाँणलाई बोल्न समय दिनुभएको थियो। खाँणले अनसनरत डा. गोविन्द केसीको जीवनरक्षाको विषयलाई संसद्को कार्यसूचीमा नराखेको भन्दै संसद् अवरुद्ध भएको घोषणा गर्नुभएको थियो।

कांग्रेसले जरुरी सार्वजनिक महत्त्वको विषय भन्दै सचिवालयमा डा. केसीको जीवनरक्षाको माग गरेको थियो। प्रस्तावमा सभामुखले सम्बन्धित विषयमा मन्त्रीले जवाफ दिने भनेर कांग्रेस सांसदलाई आश्वस्त पारे पनि कांग्रेसले नमानेपछि संसद् पहिलोपटक आधा घन्टाका लागि स्थगित भएको थियो तर पछि पनि उही मागका कारण चलेन। दोस्रो बैठकमा कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूले उही माग दोहोऱ्याउँदै मन्त्रीको जवाफ माग्नुभएको थियो।

पहिलो बैठकमा सभामुख महरा र सांसद खाँणको पटक-पटकको जुहारी चलेको थियो। सभामुखले आजको आजै जवाफ दिन मन्त्रीलाई पनि समस्या पर्ने भन्दै कांग्रेस सांसदलाई बस्न आग्रह गरे पनि कांग्रेसले मानेन। संसद्मा संसदीय सुनुवाइमा रहने सदस्यको नाम घोषणा गर्ने कार्यक्रमसमेत प्रभावित बनेको छ।

## पत्रकार उपचार कोषलाई सहाराको थप २ लाख

विर्तामोड, (नेस)

नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषका लागि सहारा नेपाल साकोसले थप २ लाख रूपियाँ प्रदान गरेको छ।

शुक्रबार सुरुङ्गामा आयोजित संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत 'मेरो गाउँ, मेरो लगानी' कार्यक्रममा उक्त रकम प्रदान गरिएको हो। पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारी र महासंघ झापाका कार्यवाहक अध्यक्ष तथा पत्रकार सहारा उपचार कोषका संयोजक एकराज गिरीलाई संयुक्तरूपमा उक्त रकमको चेक प्रदान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि सांसद एलपी साँवा लिम्बु, सहारा नेपाल साकोसका अध्यक्ष ताराप्रसाद सञ्जेल र प्रमुख कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले संयुक्तरूपमा चेक प्रदान गरेका थिए।

सहयोग ग्रहणपछि कार्यक्रममा बोल्दै महासंघका संस्थापक महासचिव भण्डारीले सहारा नेपाल साकोसप्रति धन्यवाद ज्ञापन गर्दै सहाराको उदाहरणीय कामको प्रशंसा गरे। उनले पत्रकारको उपचारमा सहयोग पुऱ्याउन स्थापना गरिएको कोषमा सहयोग गर्न सबैलाई आह्वान गरे।

भण्डारीले सबै संस्था, उद्योगी, व्यवसायी तथा नागरिकलाई समेत पत्रकार सहारा उपचार कोषमा सहयोगका लागि आग्रह गरेका छन्। जीवन जोखिममा राखेर अहोरात्र पत्रकारितामा समर्पित पत्रकारको जीवन बचाउन पत्रकार सहारा उपचार कोष र यसका सहयोगदाताको भूमिका महत्त्वपूर्ण हुने भण्डारीले बताए।

कोषमा हालसम्म ३७ लाख रूपियाँ बढी रकम जम्मा भइसकेको महासंघका सहसचिव तथा कोषका सचिव केशव भट्टराईले जानकारी दिए। महासंघले १ करोड रूपियाँको उपचार कोष बनाई त्यसको ब्याजबाट पत्रकारको उपचारमा सहयोग पुऱ्याउने कार्यविधिका साथ अभियान अघि बढाएको महासंघका कार्यवाहक अध्यक्ष तथा कोषका संयोजक गिरीले बताए। सहारा नेपाल साकोसले यसअघि ५ लाख रूपियाँ प्रदान गरेपछि कोष स्थापना गरेर अभियान अघि बढाइएको थियो।

कोषका लागि रकम हस्तान्तरण कार्यक्रममा महासंघका पूर्वअध्यक्ष तथा प्रेस युनियनका जिल्लाअध्यक्ष कृष्ण हुमागाईं, महासंघका पूर्वजिल्ला अध्यक्ष मोहन काजी, प्रेस चौतारी नेपालका जिल्लाअध्यक्ष मुक्ति पौडेल, मिडिया नेपालका जिल्लाअध्यक्ष रञ्जित प्रसाईं, फोनिजका जिल्ला अध्यक्ष विशाल नेम्वाङलगायतको उपस्थिति थियो।

कुलबहादुर हत्याकाण्डः

# आरोपितलाई सफाइ, अब हत्यारा खोज्ने जिम्मा सरकारको !

चिरञ्जीवी मास्के, दोलखा



स्थानीय तहको निर्वाचन प्रचारको क्रममा २०७४ वैशाख २६ गते राति हत्या भएको तत्कालीन एमाले कार्यकर्ता कुलबहादुर तमाङको हत्या आरोपी ४० जनालाई जिल्ला अदालत दोलखाले सफाइ दिएको छ।

छोराको हत्यापछि २०७४ वैशाख २७ गते मृतकका बुबा गौरीशङ्कर गाउँपालिका वडा नम्बर १ का गोरे तमाङले तत्कालीन माओवादी केन्द्रका ४० जना नेता/कार्यकर्ताको नाममा कर्तव्य ज्यानमुद्दा दर्ता गरेका थिए। जिल्ला अदालत दोलखाका न्यायाधीश कमलराज विष्टको इजलासले बिहीबार आरोपी ४० जनालाई नै सफाइ दिएपछि मृतकको श्रीमती साङमाया तमाङले नेपालमा कानुन नै नभएको प्रतिकृया दिएकी छन्। आरोपीमध्ये केहिले मृतकलाई कुटपिट गरेको स्वीकारसमेत गरेको अवस्थामा ४० जनालाई नै सफाइ दिनु न्यायसंगत नभएको साङमाया बताउँछिन्।

'मेरो श्रीमानको हत्या भएको छ, किटानी जाहेरी दिएको सबैलाई अदालतले छोडेपछि हत्यारा को हो सरकारले खोजी गर्नुपऱ्यो', साङमायाले भनिन्- 'को-को मिलेको भरमा हत्यारा उम्कन पाउनुहुँदैन, म न्यायका लागि अन्तिम अवस्थासम्म लड्छु।'

जिल्ला अदालत दोलखाको बिहीबारको फैसलामा जाहेरवालालगायत घटना विवरणको कागज गर्ने व्यक्तिहरूमध्ये झलकबहादुर र देविका बस्नेत बाहेकका अन्य सरकारी साक्षी अदालतमा उपस्थित नभएको, प्रतिवादीले आरोपी कसुरमा इन्कार रही बयान गरेको देखिएको, सरकारी साक्षीले मौकाको कागजभन्दा भिन्न व्यहोरा उल्लेख गरी प्रतिवादीहरूको कसुरमा संलग्नताबारे केही कुरा उल्लेख नगरेकाले आरोपीहरू निर्दोष ठहर भएको उल्लेख छ।

अधिकारकर्मीहरू कुलबहादुरको हत्या भएको तर अदालतबाट आरोपीहरू सबै निर्दोष सावित भएकाले सरकारवादी मुद्दामा हत्यारा को हो भन्ने कुराको खोजी गर्ने काम अब सरकारको भएको बताउँछन्। कुलबहादुरको हत्यारा नखोज्ने हो भने जनतामा न्यायको अनुभूति हुन नसक्ने र अपराधले प्रश्रय पाउने उनीहरूको भनाइ छ।

सरकारवादी मुद्दामा जिल्ला अदालतको फैसला पीडितको पक्षमा नआए पुनरावेदन गर्ने प्रावधान रहेकाले कुलबहादुर हत्या घटनामा अब जिल्ला न्यायाधीवक्ताको कार्यालय पुनरावेदनका लागि उच्च अदालत पाटनमा जाने कानुनविद्हरूको भनाइ छ।

चिकित्सक संघको ७२ घण्टे अल्टिमेटम

# शनिबार माइतीघर मण्डलामा प्रदर्शन

नेपाल समाचारपत्र

काठमाडौं



नेपाल चिकित्सक संघले चिकित्साशास्त्र अध्ययन संस्थानका प्राडा. गोविन्द केसीले उठाउँदै आएका चिकित्सा शिक्षासँग सम्बन्धित जायज सवालहरूको समर्थन गर्दै सरकारलाई ७२ घण्टे अल्टिमेटम दिँदै शुक्रबारदेखि देशभरका चिकित्सकले कालोपट्टी बाँधेर काम गर्ने निर्णय गरेको छ।

संघले विगतमा पनि समर्थन जनाउँदै आइरहेको अहिले पनि पूर्ण समर्थन रहेको संघका अध्यक्ष मुक्तिराम श्रेष्ठले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो।

असार २४ गते आइतबार नेपाल चिकित्सक संघको तर्फबाट प्रधानमन्त्री, उपप्रधान तथा स्वास्थ्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै ध्यानाकर्षण गराउने, ज्ञापनपत्र बुझाएको ७२ घण्टासम्ममा सरकारबाट सम्बोधन नभएको खण्डमा विरोधका अन्य कार्यक्रम सार्वजनिक गरिने कार्यक्रम रहेको छ।

डा. केसीको स्वास्थ्य स्थिति बुझी प्रतिवेदन पेश गर्न संघका वरिष्ठ उपाध्यक्ष डा. ढुण्डीराज पौडेलको संयोजकत्वमा सहकोषाध्यक्ष डा. प्रकाश बुढाथोकीलाई अनशन स्थलमा शनिबारै पठाउने निर्णय भएको संघका महासचिव तोसिमा कार्कीले जानकारी गराउनुभयो।

डा. केसीको जीवन रक्षाका लागि विभिन्न समिति, चिकित्सकहरुको छलफलबाट प्राप्त भएको सुझावअनुसार संघको कार्यसमितिको निर्णयबमोजिम कार्यक्रमहरू तय गरेको अध्यक्ष श्रेष्ठले जानकारी गराउनुभयो।

शुक्रबारै जुम्लामा द्वन्द्वपीडित एकल महिलाहरूले सरकारको रवैयाको विरोध गर्दै प्लेकार्डसहित डा. केसीको समर्थनमा बजार परिक्रमा गरी डा.केसीको जीवन रक्षाको माग गर्दै डा. केसी अनसनरत स्थलमै पुगेको उपचारमा संलग्न डा. प्रविण गिरीले जानकारी गराउनुभयो।

### विरोधका कार्यक्रम

१) यस संघले विगतकालदेखि नै स्वामित्व ग्रहण गर्दै आएका चिकित्साशिक्षा र स्वास्थ्यसेवासँग सम्बन्धित डा. गोविन्द केसीले उठान गरेका जायज मागहरूप्रति ऐक्यबद्धता जाहेर गर्दै उहाँको जीवनरक्षाको माग गर्ने।

२) आजैका मितिदेखि लागू हुने गरी देशभरका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा कार्यरत चिकित्सकले कालोपट्टी बाँधी स्वास्थ्य सेवा प्रवाह गर्ने।

३) २०७५ साल असार २४ गते आइतबार नेपाल चिकित्सक संघको तर्फबाट प्रधानमन्त्री, उपप्रधान तथा स्वास्थ्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै ध्यानाकर्षण गराउने। ज्ञापनपत्र बुझाएको ७२ घण्टासम्ममा सरकारबाट सम्बोधन नभएको खण्डमा विरोधका अन्य कार्यक्रमहरू सार्वजनिक गरिने।

४) डा. गोविन्द केसीको स्वास्थ्य स्थिति बुझी प्रतिवेदन पेश गर्न यस संघका वरिष्ठ उपाध्यक्ष डा. ढुण्डीराज पौडेलको संयोजकत्वमा सहकोषाध्यक्ष डा. प्रकाश बुढाथोकीलाई अनसन स्थलमा पठाउने।

## सुजिता बनिन् राष्ट्रपति

हेटौंडा, (नेस)

मनहरिमा युवा संसद् नमुना अभ्यास सकिएको छ। राष्ट्रिय युवा परिषद्सँगको समन्वयमा जिल्ला युवा समिति र मनहरि गाउँपालिकाले गरेको युवा संसद्मा मनहरि गाउँपालिकाका ९ वटै वडाका ३० युवाको सहभागिता थियो।

संसदीय अभ्यासका क्रममा सबिना ओली सभामुख, बुद्ध स्याङ्तान प्रधानमन्त्री तथा सुजिता थिङ राष्ट्रपति भएका थिए। उनीहरूले संसद्मा आफ्नो पदीय दायित्व निर्वाह गरेका थिए भने अन्य युवा सांसद्ले संसदीय अभ्यास गर्दै राष्ट्रपतिद्वारा प्रस्तुत नीति तथा कार्यक्रमबारे सभामुखसँग समय माग गरी धारणा राखेका थिए।

युवा संसद्को प्रदर्शनी ३ नम्बर प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री केशव स्थापितको प्रमुख आतिथ्यतामा भएको हो। दुई दिन चलेको अभिमुखीकरणपछि युवाले शुक्रबार संसदीय अभ्यास गरेका हुन्।

संसदीय अभ्यास शुरु हुनुअघि आयोजित सभालाई सम्बोधन गर्दै भौतिक पूर्वाधार विकास मन्त्री स्थापितले सकारात्मक सोचसाथ अघि बढ्नुपर्नेमा युवालाई सचेत पार्नुभयो। उहाँले हरेक कुरामा पक्ष/विपक्षमा उत्रिएर बहस गर्नुको अर्थ नहुने भन्दै राम्रोलाई राम्रो भन्न सक्नुपर्ने बताउनुभयो।

युवा संसद् समापन समारोहमा ३ नम्बर प्रदेश सांसद् एवम् नेपाल कम्युनिस्ट पार्टी जिल्ला संयोजक मुनु सिग्देलले युवाले गरेको संसदीय अभ्यासको प्रशंसा गर्नुभयो। कार्यक्रममा राष्ट्रिय युवा परिषद्का उपसचिव ध्रुवराज पौडेल, मनहरि गाउँपालिका अध्यक्ष एकराज उप्रेती, सञ्चारकर्मी शिवकुमार काशीलगायतले युवाका एजेण्डाबारे प्रष्ट्याएका थिए।

कार्यक्रम जिल्ला युवा समितिका संयोजक सन्तोष चौलागाईंको सभाध्यक्षतामा भएको थियो। संसदीय अभ्यासका लागि सुशीलराज गिरी, अशोक सारुमगर र पूर्वसांसद् राजाराम स्यांतानले युवा सांसद्हरूलाई सहजीकरण गर्नुभएको थियो।

# कम्युनिस्ट पार्टीमा गुट हुनुहुँदैन : खनाल




नेपाल समाचारपत्र

बाँके

नेकपाका वरिष्ठ नेता झलनाथ खनालले कम्युनिस्ट पार्टीभित्र गुटबन्दी बन्द गर्नुपर्ने बताएका छन्।

कार्ल मार्क्स जन्म द्विशतवार्षिकी समारोहको ५ नम्बर प्रदेशस्तरीय २ दिने गोष्ठिको शुक्रबार नेपालगन्जमा उद्घाटन गर्दै वरिष्ठ नेता खनालले कम्युनिस्टभित्र गुटबन्दी, आग्रह, पूर्वाग्रह राख्ने प्रवृत्ति देखिएकाले त्यसको अन्त्य हुनुपर्ने बताउनुभयो।

'पार्टी एकताबद्ध हुनुपर्छ। हरेक सदस्यले कुनै न कुनै जिम्मेवारी पाउनुपर्छ', खनालले भन्नुभयो- 'कम्युनिस्टलाई सामूहिक पार्टी भन्ने अनि एक्लै र गुटका आधारमा अघि बढ्ने हुनुहुँदैन।' उहाँले पार्टीलाई परिस्कृत र परिमार्जन गरेर अघि बढ्नका लागि आन्तरिक विधान बनाउने काम भइरहेको बताउनुभयो।

खनालले नेपालको राष्ट्रियता अझै पनि खतरामा रहेको उल्लेख गर्नुभयो। 'सीमा मिचिएको छ। कालापानी अझै हाम्रै हो भनेर ठोकुवा गर्न सकेको छैनौं', -पूर्वप्रधानमन्त्रीसमेत रहेको खनालले भन्नुभयो- 'अब सबै मिलेर राष्ट्रियता सुदृढ गराउनतिर लाग्नुपर्छ।'

नेपालमा सामन्तीविरुद्धका आन्दोलन समाप्त भएकाले अब गरिबी, बेरोजगार, निरक्षरता, रोगब्याधी उन्मूलनका लागि अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले नेपाली संविधानलाई समाजवादी र साम्यवादमा पुग्ने गरी तयारी गर्नुपर्ने बताउनुभयो। मार्क्सवादलाई पढेर नेपाली क्रान्तिलाई अगाडि बढाउनुपर्नेमा खनालले जोड दिनुभयो।

द्विशतवार्षिकी समारोहका केन्द्रीय संयोजक घनश्याम भुसाल, उपसंयोजक राम कार्की, जनमोर्चाका रश्मीराज नेपाली, नेकपाका देवराज भारले कार्ल मार्क्सको व्यक्तित्व बारेमा बोलेका थिए। समारोहका ५ नम्बर प्रदेश संयोजक ठाकुर गैरेले ३० वर्षमुनिका १० हजार युवालाई मार्क्सवाद पढाउने बताउनुभयो।

२ दिने प्रशिक्षणमा ५ नम्बर प्रदेशका १२ जिल्लाका १ हजार बढी नेताहरू सहभागी रहेका छन्। शुक्रबार मसालका महामन्त्री अर्धभूमिगत नेता मोहनविक्रम सिंहले प्रशिक्षण दिनुभएको छ। उहाँ उद्घाटन समारोहमा भने आउनुभएन। कांग्रेसका नेता प्रदीप गिरी, नेकपाका घनश्याम भुसाल, गणेश शाहलगायतले पनि प्रशिक्षण दिने आयोजकले बताएका छन्।

### नौबिसे-नागढुंगा...

यता जाइका नेपाल कार्यालयका सिनियर प्रोग्राम म्यानेजर सौरभ राणाले इस्ट्यान्डर्ड बिडिङमा जान डकुमेन्ट ठिक छ कि छैन भनेर नौबिसे-नागढुंगा सुरुङमार्गको कागजात अध्ययन गरिरहेको बताउनुभयो।

जापानी कम्पनी निप्पोन कोइले सुरुङको डीपीआर बनाइदिएको हो भने नेपाली कम्पनी इटेको नेपालले निप्पोनसँग मिलेर काम गरेको विभागले जनाएको छ। कन्सल्टेन्टले डीपीआरको काम २०१७ को मार्च महिनाको अन्त्यतिरबाट शुरु गरेको थियो।

देशको राजधानी प्रवेश गर्ने मुख्य नाका नागढुंगामा बन्ने उक्त सुरुङ मार्ग अन्तर्राष्ट्रियस्तरको हुने विभागको दाबी छ। विभागले सुरुङमार्गसम्म पुग्ने सडक बनाउन चाहिने जग्गा अधिग्रहण गर्ने तयारी गरिसकेको छ।

विभागले सुरुङमार्गको पूर्वपट्टि बलम्बु, महादेवस्थान, थानकोट, दहचोक लगायतका स्थानको ४ सय ३७ कित्तामा रहेको २ सय ६६ रोपनी जग्गा अधिग्रहण गर्न सूचना निकालिसकेको छ। त्यस्तै गरी विभागले धादिङतर्फ पनि यस्तै सूचना निकालिसकेको जनाएको छ।

२.५ किलोमिटर लम्बाइ रहने सुरुङमार्ग जापानी सहयोग नियोग (जाइका) को ऋण सहयोगमा निर्माण हुन लागेको हो। सुरुङमार्ग काठमाडौंको सीतापाइलादेखि धादिङको नौबिसेसम्म निर्माण हुनेछ।

सुरुङमार्ग निर्माणका लागि करिब २० अर्ब रूपियाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। सरकारले सुरुङमार्ग निर्माण गर्न भन्दै ५ अर्ब ५४ करोड रूपियाँ बजेट विनियोजन गरिसकेको छ। जापान सरकारसँग १६ अर्बको ऋण लिने सम्झौता भइसकेको छ।

थानकोटदेखि नागढुङ्गा हुँदै सुरुङमार्ग धादिङको सिस्नेखोलामा निस्कने गरी डिजाइन तयार पारिएको छ। सुरुङमार्गको सम्भाव्यता अध्ययन पनि जापानी सहयोग संस्था जाइकाले नै गरेको थियो।

करिब ५ वर्षभित्र निर्माण सकिने लक्ष्यसहित योजना अघि बढाइएको छ। सन् २०१९ मा आरम्भ भएर सन् २०२२ सम्ममा पूरा लक्ष्य राखेको छ। राजधानीको मुख्य प्रवेशद्वार नागढुंगामा सुरुङ निर्माण भएमा ट्राफिक समस्या समधान हुनुका साथै त्यस क्षेत्रमा हुने सवारी दुर्घटनामा समेत कमी आउने अनुमान विभागको छ।

### उमेर...

कतिपय सचिवले दुई वर्ष उमेर बढाउँदा पेन्सन रकम बचत हुने भएकाले फाइदा हुने तर्क गर्ने गरेको छ। तर, ५८ वर्ष नै उमेर कायम राख्दा पुराना कर्मचारीले स्वतः अवकाश पाउने र नयाँ प्रविधिमा पोख्त कर्मचारी आउने भएकाले प्रविधिमैत्री, ऊर्जा र उत्साहवान् जनशक्ति थपिने हुँदा सरकारी सेवामा थप छिटो छरितोपना आउने पनि ती कर्मचारीको भनाइ रहेको छ। उमेर हद बढाएरमा निजामती कर्मचारीको समावेशीकरणमा नकारात्मक असर पुऱ्याउने पनि सामान्यका कर्मचारीको बुझाइ छ।

### देशभरका...

उहाँले यो वर्ष २६ वटा विद्यालय भवन निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। ललितपुरमा १ सय ६९ विद्यालय भवनमा क्षति पुगेको थियो। तीमध्ये हालसम्म ६९ विद्यालय भवन निर्माण सम्पन्न भइसकेको छ।

भक्तपुरका एकाइ प्रमुख देवकुमार बरालले गैरसरकारी संस्थाले ५ वटा विद्यालय भवन निर्माण गर्ने सम्झौता भएकोमा हालसम्म ३ वटा निर्माण सम्पन्न भइसकेका छन्। जिल्लामा ९७ विद्यालयमा क्षति पुगेको थियो। तीनै जिल्लाका एकाइ प्रमुखले दरबार र भित्री क्षेत्रमा रहेका विद्यालय भवन पुनर्निर्माण गर्न नसकेको गुनासो गरेका थिए। स्थानीय निकायले सहयोग नगरेसम्म ध्वस्त र क्षतिग्रस्त विद्यालय भवन बनाउन नसकिने जनाएका छन्।